जि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७० २०८१ साल माघ २१ गते सोमबार (3 Feb. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायुको असर र अतिक्रमणको ... ३ पृष्ठमा : स्वास्थ्य बिमाअन्तर्गत ... ३ पृष्ठमा : एआईको प्रयोग गरी ...

# नागरिकता चोरी भएका व्यक्तिको फोटो उपकाएर अर्कै व्यक्तिको फोटो टाँसी बैंकमा खाता संचालन गरि लाखौंको ठगी

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

खाताधारीलाई थाहै नदिई बैंकबाट खाता संचालन गरि सर्वसाधारणसँग लाखौं रकम ठगी गरिएको घटना सार्वजनिक भएको छ।

नागरिकता चोरी भएका व्यक्तिको फोटो उपकाएर अर्कै व्यक्तिको फोटो टाँस गरि संचालन गरिएको बैंक खाताबाट ५ लाख भन्दा बढी ठगी भएको खुलास भएको हो।

राजविराज नगरपालिका १ वस्ने २२ वर्षीय विजय कुमार यादवले २०८० साल बैशाख १४ गते आफनो चोरी भएको नागरिकताको प्रयोग गरी एक अपरिचित व्यक्तीले विराटनगरस्थित सिटीजन बैंकमा खाता खोलेर सोही खाता मार्फत ठगी धन्दा चलाएको संचारकर्मीलाई बताएका छन्।

आफुलाई थाहै नदिइ खोलिएको खाताबाट ठगी धन्दा र कारोबार भएको थाहा पाएपछि तनावमा परेको उनको भनाइ छ। यसरी ठगी धन्दा चलाउने व्यक्तीबाट पीडितहरु आफु विरुद्ध प्रहरीमा उजुरी दिएपछी मात्र सो बारे जानकारी पाएको उनले बताएका छन्।



प्रथम प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय सप्तरी
नेपाली नागरिकताको प्रमाणपत्र
ना०प्र०नं०: १६-०१-७९-०८८९५
नाम थर: विजय कुमार यादव लिङ्ग: पुरुष
जन्म स्थान: जिल्ला: सप्तरी
न०पा०: राजविराज वडा नं.: १०
स्थायी बासस्थान: जिल्ला: सप्तरी
न०पा०: राजविराज वडा नं.: १
जन्म मिति: साल: २०५९ महिना: १० गते: १२
बाबुको नाम थर: राम प्रसाद यादव ना०प्र०नं०:
ठेगाना: राजविराज न०पा०-१०, सप्तरी ना. कि.: वंशज
आमाको नाम थर: रुना कुमारी यादव ना०प्र०नं०:
ठेगाना: राजविराज न०पा०-१०, सप्तरी ना. कि.: वंशज
पति/पत्नीको नामथर: XXX ना०प्र०नं०:
ठेगाना: ना. कि.:

राजविराज नगरपालिका १ वस्ने २२ वर्षीय विजय कुमार यादवको नागरिकता चोरी भएपछि बनाइएको प्रतिलिपि।
***तस्बिर : राजविराज दैनिक***



चोरी भएको नागरिकतामा सक्कली फोटो उपकाएर टाँसिएको व्यक्तिको फोटो।

राजविराजस्थित राजदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्यनरत यादवले बैंकमा खाता खोल्ने व्यक्तीले नागरिकतामा रहेको आफ्नो फोटो झिकेर अर्के फोटो टाँसेको, हजुरबुवा, हजुरआमा र टोलको नाम सच्याएको तथा सहि छाप समेत किर्ते गरी बैंकमा खाता खोल्न सफल भएको बताएका छन्।

फर्जी नागरिकता र कागजातका आधारमा खाता खोल्ने क्रममा खाताधारीको परिचय र सनाखत गर्ने व्यक्ती सोही बैंकका कर्मचारी कविता राजवंशी रहेको पत्ता लागेको उनले बताए। चोरी भएको नागरिकता र किर्ते कागजातको आधारमा उक्त बैंकमा १७००१०००००८०१० नं.बाट खाता संचालन गरी ती अपरिचित व्यक्तीले एनसेल कम्पनीको २ वटा सिम समेत झिकेको यादवले बताएका छन्।

यस्तै उक्त खातामा विभिन्न आकर्षक योजना र वैदेशिक रोजगारीका नाममा ती अपरिचीत व्यक्तीले चितवनकी करुणा सुनवारबाट ९० हजार, सुनसरीका मणी कुमार राईबाट २ लाख ८१ हजार र आयुष राईबाट २ लाख १५ हजार रुपैया ट्रान्सफरको माध्यमबाट झिकाई ठगी गरेको बुझिन आएको उनले जानकारी दिए।

यसरी ठगीमा परेका व्यक्तीहरुले आफ्नो नाममा विराटनगरस्थित सिटिजन बैंकमा रहेको खाता मार्फत रकम ठगी गरिएको भन्दै चितवन, सुनसरी र काठमाडौं प्रहरीमा उजुरी दिएपछी आफुले सो बारे थाहा पाएको यादवको कथन छ।

२०७९ साल कार्तिक २९ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट १६-०१-७१-०८८९५ नम्बरको नागरिकता प्रमाण पत्र प्राप्त गरेको यादवले नागरिकता चोरी भएको जानकारी सहित २०८० साल कार्तिक २१ गते सो कार्यालयबाट नागरिकताको प्रतिलिपि लिएका थिए। त्यसपछि उनले राजविराज स्थित प्रभु बैंकमा खाता खोलेका थिए। उक्त खातामा रहेको ३५ हजार रुपैया झिक्न जाँदा बैंकका कर्मचारीले उक्त खाता प्रहरीले हाल रोक्का गराएको जानकारी दिएपछी उनी चकित परेका थिए।

प्रभु बैंकका कर्मचारीले काठमाण्डौं प्रहरीको आदेशमा हाल उक्त खाता ब्लक (रोक्का) गरिएको जनाएको छ। ठगी प्रकरणको छानवीनका लागि हाल यादवको खाता भद्रकाली अनुसन्धान प्रहरी कार्यालय काठमाडौंको च.न.६८१२ को पत्रानुसार रोकिएको हो, एक कर्मचारीले भने।

यादवलाई थाहै नदिई विराटनगरस्थित सिटीजन बैंकमा उनकै नाममा फर्जी कागजातको आधारमा खाता खोलिनु र खाताधारीको पहिचान, परिचय र सनाखतमा बैक कै कर्मचारी वस्नुले ती कर्मचारीलाई पनि शंकाको घेरामा ल्याउनुका साथै बैकिङ प्रणाली पनि फितलो भएकै देखिएको कानुन व्यवसायी विजय झाको भनाइ छ।

विजय यादवको नाममा संचालन रहेको खाताबाटै ठगी भएको पीडित पक्षको उजुरीपछि हाल उनको नाममा प्रभु बैंकमा संचालन रहेको खाता पनि अनुसन्धानको क्रममा रोक्का राखिएको प्रहरीको भनाइ छ। यादवले भने डेढ महिना पछि हुने एसइइ परिक्षाको तयारीमा लागेका वखत नखाएको विष लाग्दा आफु तनावमा परेको भन्दै उक्त प्रकरणको छानवीन गरी दोषीमाथी कडा कारवाही हुनु पर्ने माग गरेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले उक्त समग्र प्रकरणको अनुसन्धान अहिले भक्तपुर जिल्ला प्रहरी कार्यालयले गरिरहेको बताए। उनले यादव र उनका आफन्तलाई सोही कार्यालयमा पुगी आफ्ना पक्ष र प्रमाण राख्न सुझाव दिइएको बताउँदै दोषी नउम्कोस र निर्दोष नफसोस भन्ने मान्यताका साथ प्रहरी अघि बढेको जनाएका छन्।

# कर्मचारी पदपूर्ती सम्बन्धी प्रकाशित सूचनाको विषयलाई लिएर अस्पताल प्रमुखको कार्यकक्षमा तालाबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

कर्मचारी पदपूर्ती सम्बन्धी प्रकाशित सूचनाको विषयलाई लिएर राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुखको कार्यकक्षमा आवेदकहरुले तालाबन्दी गरेका छन्।



विभिन्न पदका लागी करार सेवामा काम गर्न खुल्ला प्रतियोगिताद्वारा पदपुर्ती गर्न अस्पतालद्वारा गरिएको दरखास्त आह्वानका आवेदकहरुले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीराम तिवारीको कार्यकक्षमा आईतवार तालाबन्दी गरेका हुन।

अस्पताल प्रशासनले २०८१ असार १६ गते प्रथम पटक करार सेवाका लागी भन्दै मेडिकल अधिकृत आठौं तहका लागी ५, अहेव चौथो तहका लागी ८, मेडिकल ल्याब टेक्नोलोजिस्ट सातौं तहका लागी २ र सहायक कम्प्युटर अपरेटर चौथो तहका लागी ३ जनाको पदपुर्तीका लागी सूचना जारि गरेको थियो। यस्तै अस्पताल प्रशासनले पुन: दोश्रो पटक सोही व्होराको सूचना २०८१ भदौ २४ गते प्रकाशित गरेको थियो।

तर, २०८१ माघ १८ गते उक्त सुचनाहरु संसोधन गर्दै तेश्रो पटक अस्पताल प्रशासनले जारी गरेको सूचनामा करार सेवाबाट पदपुर्ती गरिने पदहरुमा मेडिकल अधिकृत र स्टाफ नर्सका केही पदका लागी २०८१ माघ २१ गते लिखित परिक्षा हुने जानकारी गराएपछी आक्रोसित भएका आवेदकहरुले तालबन्दी गरेको जनाएका छन्।

“आवेदकलाई अलमलमा पार्न तेश्रो पटक मेडिकल अधिकृत र स्टाफ नर्स पदका लागी लिखित परिक्षा लिइने अस्पताल प्रशासनद्वारा जारी सूचनामा उल्लेख छ, उनले भने-त्यसमा पनि पद संख्या नतोकि “केही” शब्दको प्रयोगले विभिन्न खाले शंका उब्जाएको छ।

तेश्रो सूचनामा प्रकाशित मिति समेत नभएको उनले सुनाए। अर्का आवेदक राजु बाबु झाले तेश्रो पटक गरिएको सूचनामा आवेदन भर्न ५ दिनको मात्र म्याद दिइएको र त्यसमा पनि माघ १६, १७ र १९ गते लगातार तीन दिन सार्वजनिक विदा नै परेकाले अस्पताल प्रशासनले गडवडी गर्ने नियतले

***बाँकी अन्तिम पृष्ठमा***

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**श्री पञ्चमी (सरस्वती पूजा) २०८१ को पावन अवसरमा**

**शैक्षिक सत्र २०८२ का लागि प्ले-ग्रुप देखि कक्षा ७ सम्म धमाधम भर्ना लिइँदैछ।**

**डे बोडर्स र बोडर्सको समेत व्यवस्था भएको**

**श्री पञ्चमी को पावन अवसरमा सरस्वती पूजाको दिन निशुल्क भर्ना लिइदैछ।**

**St. Xavier's School**

**राजविराज ८, मदननगर-पर्साही जाने बाटो**

**सम्पर्क नं. ९८०४७३८१९९, ९८१७७२६२२६, ९८१४७६५१२२, ९८१९९६९२६३, ९८१८०२५११६**

## सम्पादकीय

### व्यापारको अवस्था कहिले उभो लाग्ने !

अहिले मुलुकभरको व्यापारको अवस्था खस्किदो छ। सबै खाले व्यापारको अवस्था सन्तोषजनक पनि छैन्। मझौला व्यापारीहरु ऋणको मारमा डुबेका छन साना व्यापार अधिकांश बन्द भइसकेका छन्। उद्योगहरु पनि बन्द हुने अवस्था पुगिसकेको छ। बैंक तथा वित्तिय संस्थाहरु व्यापारका लागि ऋण दिन निकै झन्झिटिलो प्रकृया देखाउन थालेपछी ह्ण लिन पनि गाह्रै छ।

सप्तरीको कुरा गर्ने हो भने ब्यापारको अवस्था निकै कहालि लाग्दो छ। विभिन्न नाकाहरुबाट चोरी निकासी भई जिल्लामा सामानहरु भित्रिनुले व्यापार चौपट बन्दै गएको हो। स्थानिय बजारमा व्यापारको अवस्था खस्किदो छ। यता बैंकहरुले ऋणको ब्याज दोब्बर गर्नु र विगतको भन्दा व्यापारको प्रतिशत पनि झरेको छ। यसका लागि प्रशासन कार्यालय तथा सुरक्षा निकायले नाकाहरुमा कडाई गर्नु पर्ने अवस्था रहेको छ। नियमपूर्वक सामानहरुको ढुवानी गर्दा समेत अवैध भनेर प्रहरी प्रशासनले ती सामानहरु पक्रने प्रविधिले समेत उद्योग व्यापारीहरु झनै मारमा पर्ने गरेका छन्।

एकातिर नाकाहरुबाट भन्सार छलेर ल्याउने सामान, प्रहरी प्रशासनको ज्यादती तथा बैंकको ब्याज दर र ऋणको झन्झिटिलो प्रक्रियाका कारण उद्योगी व्यापारीहरु थप मारमा परेका छन्। तसर्थ यस्ता समस्याप्रति तीनै तहका सरकार, सरोकारवाला निकाय, प्रहरी प्रशासन तथा उद्योगी व्यापारीहरुले ठोस निकास निकाल्न अविलम्ब प्रयास थाल्नु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायुको असर र अतिक्रमणको मारमा सिमसार

**भीष्मराज ओझा**

काठमाडौं, २० माघ (रासस)।

विश्वमा प्रत्येक वर्ष फेब्रुअरी २ तारिखमा मनाइने विश्व सिमसार दिवस यस वर्ष 'हाम्रो साझा भविष्यका लागि सीमसार क्षेत्रको संरक्षण' नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ। यस वर्षको नाराले सिमसार क्षेत्र र मानव जीवनबीच भविष्यको अन्तरसम्बन्धमा जोड दिएको छ।

सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ। ताल, तलैया, पोखरी, नदी, खोला, झरना, धानखेत आदि सिमसार क्षेत्रअन्तर्गत पर्छन्। जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण प्राकृतिक स्थलका रूपमा रहेको सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्नाका साथै मानिसलाई जीवनयापनका स्रोत प्रदान गर्छ।

सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने हेतुले यो दिवस मनाइने गरेको छ। यद्यपि नेपालमा पछिल्लोपटक जलवायु परिवर्तनका असरले मौसममा देखिएको परिवर्तन र मानवीय गतिविधिको अतिक्रमणले सिमसार क्षेत्र सीमित हुँदै गएको देखिन्छ। तिनको क्षेत्रफल र गुणस्तर दिनानुदिन घट्दै गइरहेको छ। केही स्थानका सिमसार लोपसमेत भइसकेका छन्।

यसबाहेक सिमसार क्षेत्रमा बढ्दो जनसङ्ख्या र बसाइँसराइ, नदीखोला तथा आसपासमा फोहरमैला विसर्जन, गरिबी र बेरोजगारी, परम्परागत कृषि प्रणालीमा भएको रूपान्तरण, सिमसारजन्य स्रोतको अधिक दोहन, बाह्य मिचाहा प्रजातिको अतिक्रमण, रासायनिक मल र विषादीको मिसावट, जथाभावी पूर्वाधार निर्माणलगायत चुनौती थपिएका छन्।

जनचेतनाको कमी र सूचनाको अभावका कारण मानवीय गतिविधिले सिमसारको अतिक्रमण बढ्दो छ। वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दिवसका अवसरमा वन परिसर प्रवेशद्वारमा रहेको होर्डिङ बोर्डमा नारा अङ्कित ब्यानर अनावरण गर्ने गरेको छ। यसबाहेक प्रदेशका वन मन्त्रालय, संरक्षित क्षेत्र र डिभिजन वन कार्यालयले आ-आफ्नो स्तरमा दिवसका विभिन्न कार्यक्रम गरी दिवस मनाउने गरिएको विभागका उपमहानिर्देशक वेदकुमार ढकालले राससलाई जानकारी दिनुभयो।

विश्वव्यापी रूपमा सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले सिमसार महासन्धि (रामसार महासन्धि) सन् १९७१ मा इरानको रामसार सहरमा भएको थियो। रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन फेब्रुअरी २ तारिखलाई स्मरण गर्दै विश्व सिमसार दिवस मनाउन सुरु गरिएको हो।

"जलवायुको असरका कारण वर्षा पनि कम हुँदै गएको छ। सिमसार क्षेत्रमा पछिल्लो समय पानीका स्रोत घट्दै गएका छन्। नदीको उपयोगमा सबैको जोड छ तर संरक्षणको दायित्व कसको भन्नेमा द्विविधा देखिन्छ", उपमहानिर्देशक ढकालले भन्नुभयो, "कतिपय पालिकाका नदी खोलामै डम्पिङ छन्, यसमा तीनै तहका सरकारको ध्यान जान आवश्यक छ। सिमसार जोगाउनका लागि 'वाटर हार्वेस्टिङ'मा लगानी गर्नु आवश्यक छ।" सिमसार संरक्षणका लागि विभागले विद्यमान पोखरीको संरक्षण र नयाँ पोखरीसमेत निर्माण गरिरहेको उहाँले जानकारी गराउनुभयो।

रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्व बोकेका तथा अति संवेदनशील सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने गर्छ। हालसम्म यसमा आबद्ध देशको सङ्ख्या एक सय ७२ पुगेको छ। साथै दुई हजार चार सय २२ सिमसार रामसारको सूचीमा सूचीकृत छन्। सन् १९८७ डिसेम्बर १७ मा कोशीटप्पु वन्यजन्तु आरक्षलाई रामसार क्षेत्रमा सूचीकृत गरेर नेपाल सन् १९८८ अप्रिल १७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो।

रामसार सूचीमा हाल नेपालका कोशीटप्पु, घोडाघोडी ताल क्षेत्र, जगदीशपुर जलाशय, बिसहजारी तथा आसपासका ताल, राराताल, फोक्सुन्डो ताल, गोसाइँकुण्ड तथा आसपासका ताल, गोक्यो तथा आसपासका ताल, माईपोखरी र पोखरा उपत्यका विभिन्न ताल सूचीकृत छन्। यी सिमसार क्षेत्रले ओगटेको कुल क्षेत्रफल ६० हजार पाँच सय ६१ हेक्टर छ। सिमसार संसारको सबैभन्दा जैविक विविधता भएको बासस्थानमध्ये एक हो र धेरै लोपोन्मुख प्रजातिको बासस्थान पनि हो। विश्वको ४० प्रतिशत वनस्पति र वन्यजन्तु प्रजाति सिमसारमा बस्छन् वा प्रजनन गर्छन्।

सिमसार लाखौं घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ्ग र बोटबिरुवाका लागि महत्त्वपूर्ण बासस्थान हो। यस्तै नेपालमा पाइने एक सय ७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन्। नेपालमा पाइने आठ सय ७८ प्रजातिका चरामध्ये सिमसारमा एक सय ९३ प्रजातिका चरा, २० प्रजातिका मेरुदण्ड भएका जीवमध्ये १७ प्रजातिका जीव र सात हजार प्रजातिका वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित रहेको विभागको तथ्याङ्क छ। त्यस्तै दुई सय ४६ रैथाने फुल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्।

विश्वमा पछिल्लो समय जलवायुका असर तीव्र रूपमा देखापरेका छन्। अझ नेपालजस्ता संवेदनशील भूबनोट र पर्वतीय मुलुकमा त जलवायुको असर झन् प्रत्यक्ष र विकराल बन्दै गएको छ। विगत केही समय यतादेखि जलवायु परिवर्तनसँगै नेपालमा सिमसार क्षेत्रका रूपमा रहेका ताल, तलैया, घोल, नदी, चिस्यान क्षेत्रमा व्यापक परिवर्तन आएको छ। समग्रतामा वर्षाको मात्रामा देखिएको कमीले सुक्खा क्षेत्र वृद्धि हुनु, मिचाहा प्रजातिका वनस्पतिको वृद्धिलगायत कारण पनि सिमसार क्षेत्र सङ्कुचन भएको वा गुणस्तरमा कमी आएको यस क्षेत्रका जानकारहरूको भनाइ छ।

मन्त्रालयको वातावरण विभागका उपसचिव मधु घिमिरेका अनुसार जलवायुको असरका साथै प्राकृतिक स्रोतको अधिकतम् दोहनले गर्दा सिमसार क्षेत्रमा पानीको कमी भएर सुक्खा क्षेत्रको वृद्धिले चुनौती थपिएको छ। "सिमसारको अत्यधिक दोहन, भूमि अतिक्रमण, प्रदूषण, जथाभावी पूर्वाधार निर्माण, पानीका मुहान तथा दलदल क्षेत्रको मर्मतसम्भार नहुँदा सिमसारको संरक्षण र व्यवस्थापनमा चुनौती देखिएको छ", उहाँले भन्नुभयो।

विश्वको करिब नौ प्रतिशत र नेपालको करिब पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालका तराई, पहाड र हिमाली क्षेत्रमा अन्तर्राष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्र छन्। विश्व संरक्षण सङ्घ नेपालको अभिलेखअनुसार नेपालमा एक सय ६३ सिमसार तराईमा छन्भने ७९ सिमसार हिमाली तथा पहाडी क्षेत्रमा छन्।

सिमसारले जलवायु परिवर्तन तथा भूबिनाशको असरलाई न्यूनीकरण गर्दै पर्याबरणीय सुरक्षा कवचसमेत प्रदान गर्दछ। पछिल्लो समय पर्यापर्यटनको गन्तव्य बन्दै गएको सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकनलगायत प्राकृतिक सौन्दर्यको अनुभव पनि यसले उपलब्ध गराएको छ।

वन मन्त्रालयले सिमसार क्षेत्रका चुनौतीलाई मध्यनजर गरी प्रदेश र स्थानीय तहसँगको समन्वयमा सिमसार क्षेत्र संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम तथा नीति अघि बढाएको वन तथा भू-संरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गानाले जानकारी दिनुभयो। सिमसारमा जल र जमिनको क्रिया र प्रतिक्रियाबाट जल परिचालन र शुद्धीकरणको प्रक्रिया चलिरहने हुनाले सिमसारलाई प्रकृतिको मिर्गौला पनि भन्ने गरिन्छ।

"सिमसारले वस्तु र सेवा प्रदान गर्नुका साथै पानीका स्रोत संरक्षण गर्छ। पानीको गुणस्तर कायम राख्न, जलचक्र र जलवायुलाई नियमित गर्न तथा तापमानलाई सन्तुलन गर्न पनि सिमसारको महत्व छ। तसर्थ यसको संरक्षणमा सबैको हातेमालो आवश्यक छ", महानिर्देशक ढुङ्गानाले भन्नुभयो।

सरकारले सिमसार क्षेत्रको संरक्षणका लागि विभिन्न कानुनी र नीतिगत व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो। नेपालले संविधान, जलस्रोत संरक्षण ऐन-२०४९, स्थानीय सरकार सञ्चालन ऐन- २०७४, वातावरण संरक्षण ऐन- २०७६, जलचर संरक्षण ऐन-२०१७, राष्ट्रिय सिमसार नीति-२०६९ एवं आवधिक योजनाहरू तथा राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (सन् २०१८-२४)लगायत नीति र कानुनमार्फत सिमसारको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा वन मन्त्रालयले प्रतिबद्धता जनाउँदै आएको जनाएको छ।

# संसद्मा दर्ता भएको नेपाल नागरिकता ऐनलाई संशोधन गर्न बनेको विधेयक सकारात्मक

काठमाडौं, २० माघ (रासस)।

सरकारले प्रतिनिधिसभामा दर्ता गरेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकका प्राबधान सकारात्मक रहेको भन्दै नागरिक अधिकारका लागि नागरिक समाज सञ्जालले स्वागत गरेको छ।

विधेयकमा कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए पनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानी वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यवस्था गर्नु स्वागतयोग्य रहेको सञ्जालले जनाएको छ।

सञ्जालका साथै महिला, कानुन र विकास मञ्चले शनिबार यहाँ संयुक्त रूपमा आयोजना गरेको छलफल कार्यक्रममा विधेयकमा छ वटा सकारात्मक बुँदा रहेका जानकारी गराइएको हो।

विधेयकमा नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वःघोषणा गरेमा अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनुपर्ने व्यवस्था पनि सकारात्मक रहेको वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले बताउनुभयो।

सोह्र वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेकालाई अधिकारीले तोकिएबमोजिम नाबालक परिचयपत्र प्रदान गर्नसक्ने व्यवस्था विधेयकमा गरिनु पनि सकारात्मक रहेको मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले उल्लेख गर्नुभयो।

निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा सोहीअनुसार व्यवस्था मिलाउनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ। प्रस्तावित संशोधित विधेयकबाट लामो समयसम्म नेपाली आमाबाट सहज रूपमा नागरिकता प्राप्त गर्न नसक्नेले अब राहत पाउने आशा गरिएको अधिवक्ता विनोदचन्द्र देवकोटाले

बाँकी तीन पृष्ठमा

# स्वास्थ्य बिमाअन्तर्गत छरिएका कार्यक्रमलाई एकीकृत गर्नुपर्ने

काठमाडौं, २० माघ (रासस)।

स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलले छरिएर रहेका स्वास्थ्य बिमासम्बन्धी कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिएको छ। कार्यदलको प्रतिवेदनमा छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई स्वास्थ्य बिमा बोर्डबाट एकीकृत गर्न सकिने उल्लेख गरिएको हो।

प्रतिवेदनमा आठ किसिमका कडा रोगका लागि दिइँदै आएको रु एक लाखको स्वास्थ्य सुविधा, आमा सुरक्षा कार्यक्रम, मिर्गौला तथा कलेजो प्रत्यारोपण, क्यान्सर उपचार सहयोग कार्यक्रम, अस्पतालका सामाजिक सेवा एकाइमार्फत दिइने उपचार सेवा, वृद्ध र बालबालिकाको निःशुल्क उपचार, १५ वर्षमुनिका र ७० वर्षमाथिको मुटुको निःशुल्क उपचार, विपन्न नागरिकका लागि कडा रोगको निःशुल्क उपचारलगायत कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिइएको वरिष्ठ जनस्वास्थ्यविद् एवं स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलका संयोजक डा शम्भु आचार्यले जानकारी दिनुभयो।

योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निजामती कर्मचारी अस्पताल उपचार सेवा, प्रदेश सरकारले प्रदान गर्दै आएका स्वास्थ्य सहयोग तथा अनुदान र स्थानीय तहबाट भएका स्वास्थ्य सहायता तथा अनुदान कार्यक्रमलाई पनि स्वास्थ्य बिमा बोर्डमार्फत दिन सकिने प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपालमा छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्दा प्राप्त हुने स्रोत करिब रु १५ अर्ब हुने जनाउँदै उहाँले छरिएर रहेका सामान प्रकृतिका कार्यक्रमले खर्च र सरकारको बजेट बढाउने देखिएकाले एकिकृत गर्नुपर्ने सुझाव दिइएको बताउनुभयो।

प्रतिवेदनले स्वास्थ्य बिमाको सुविधाको दायरा र पुँजी बढाउनुपर्ने सुझाव दिएको छ। घातक रोग लाग्दा अहिलेको सुविधा क्षेत्रले धान्ने अवस्था नरहेको, दीर्घ रोग लागेका सदस्य भएका परिवारलाई र परिवारका धेरै सदस्य बिरामी पर्दा अहिलेको सुविधा कम पर्ने भएकाले दायरा र पुँजी बढाउन सुझाव दिइएको संयोजक आचार्यले उल्लेख गर्नुभयो।

प्रतिवेदनमा व्यक्तिको पकेट खर्च ५४ प्रतिशतबाट घटाई २० प्रतिशतमा झार्नुपर्ने उल्लेख छ। प्रतिघरले स्वास्थ्य बिमाका लागि तिरेको औसत प्रिमियम रु तीन हजार आठ सय र दाबी रु आठ हजार तीन सय ५० रहेको उल्लेख गर्दै आचार्यले बोर्डले बिमा गराएबापत सङ्कलन गरेको रकमले २४ प्रतिशत मात्र खर्च धान्न सक्ने अवस्था रहेको जानकारी दिनुभयो। उहाँका अनुसार यही अवस्थामा बिमा बोर्ड सञ्चालन भएमा सन् २०३० मा सरकारले रु ६२ दशमलव आठ अर्ब भुक्तान दिनुपर्ने हुन्छ।

स्वास्थ्य बोर्डका अनुसार हालसम्म ८७ लाख ३२ हजार नौ सय १२ नागरिक स्वास्थ्य बिमामा आबद्ध छन्। बिमामा आबद्धमध्ये करिब ४८ प्रतिशतले सेवा लिइरहेका छन्। सरकारले स्वास्थ्य बिमामा देखिएका समस्या समाधान गर्नका लागि वरिष्ठ जनस्वास्थ्यविद् डा आचार्यको संयोजकत्वमा आठ सदस्यीय स्वास्थ्य बिमा सुधार सुझाव कार्यदल गठन गरेको थियो।

# 'निजगढ अन्तरराष्ट्रिय विमानस्थल तत्काल बनाउनुपर्नेमा जोड'

रौतहट, २० माघ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले बाराको निजगढमा अन्तराष्ट्रिय विमानस्थल तत्काल बनाउनुपर्नेमा जोड दिनुभएको छ।

शनिबार रौतहटको गौरमा नेपाल-भारत पत्रकारको साझा मञ्च मिडिया फर बोर्डर हार्मोनी रौतहटद्वारा 'नेपाल-भारत मैत्री संवाद' कार्यक्रममा व्यावसायिक तथा पर्यटकीय दृष्टिकोणले पनि निजगढमा अन्तरराष्ट्रिय विमानस्थल अनिवार्य भएको उहाँले बताउनुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले निजगढ-काठमाडौँमा 'फास्ट ट्र्याक'को निर्माणका साथसाथै निजगढ विमानस्थलको निर्माण अति जरुरी रहेको आवश्यकता औँल्याउनुभयो। निजगढमा अन्तरराष्ट्रिय विमानस्थल बनाउनका पहल गरिरहेको भन्दै उहाँले नेपाल-भारतको सीमा समस्याबारे केन्द्रबाट समाधान गरिनुपर्ने धारणा राख्नुभयो।

स्थानीय स्तरमा दुबै देशका जनप्रतिनिधिहरूले आवश्यकताका आधारमा आ-आफ्नो तर्फबाट पहल गर्नुपर्ने भन्दै दीर्घकालीन समाधान गर्न केन्द्रीय स्तरबाट नीतिगत रूपमा समाधान गर्नुपर्नेमा अध्यक्ष नेपालले जोड दिनुभयो। सीमा समस्या समाधानका लागि जुनसुकै समयमा सहयोग गर्न तत्पर रहेको उहाँको भनाइ थियो। अध्यक्ष नेपालले दुबै देशका नागरिकहरूको हित हुनेगरी सरकारले काम गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा मधेस प्रदेशसभाका सांसद सदस्य नागेन्द्र साह, भारतका रिगा विधानसभा क्षेत्रका विधायक मोतिलाल साह, गौर नगरपालिकाका प्रमुख शम्भु साह, बौधीमाई नगरपालिकाका प्रमुख प्रदीपकुमार यादवलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

मिडिया फर बोर्डर हार्मोनी रौतहटका अध्यक्ष किशोरीराय यादवको अध्यक्षतामा भएको संवाद कार्यक्रममा हार्मोनी भारतका अध्यक्ष अमरेन्द्र तिवारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सीमा क्षेत्रका जिल्लाहरूमा बसोबास गर्ने नेपाल र भारतका जनताले भोग्दै आएका समस्यालाई समाधान गर्न १७ बुँदे साझा माग प्रस्तुत गर्नुभएको थियो।

उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, बोर्डर हार्मोनी नेपाल र भारतका प्रतिनिधि, नेपाल र भारतका सञ्चारकर्मीसहित स्थानीयको सहभागिता थियो।

### संसद्मा दर्ता ...

बताउनुभयो।

संविधानसभाबाट निर्मित नेपालको संविधान, २०७२ ले प्रदान गरेको मौलिक हकमध्ये नागरिकता प्राप्त गर्ने हक धारा ११ मा सुनिश्चित गरिएको छ। विभिन्न व्यावहारिक कठिनाइका कारण कैयौं नेपाली अनागरिक हुनुपर्ने बाध्यता रहेको छ।

सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू स्वेता श्रीवास्तवविरुद्ध जिल्ला प्रशासन कार्यालय भएको रिट निवेदन, निवेदक सुरज घिमिरे रहेको परमादेश, सविना दमाईविरुद्ध सरकार भएको मुद्दा, निवेदक कृष्टिना महर्जन भएको मुद्दा, निवेदक रुवी बस्नेत भएको रिट निवेदनको फैसलालाई समेट्दै तथा सरकारले अनुमोदन गरेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिलगायत अन्तर्राष्ट्रिय सन्धि सम्झौताको मर्मसमेत आत्मसात गर्दै नेपाल नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन हुन लागेको मञ्चले जनाएको छ।

सरकारले सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभामा दर्ता गराएको विधेयकलाई नागरिकता अधिकारका लागि नागरिक समाज सञ्जालले हार्दिक स्वागत गर्दै आभार प्रकट गरेको छ। सञ्जालका एक दर्जन बढी संस्थाले शनिबार संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै उक्त विधेयकमा भएका व्यवस्थाको स्वागत गरेका अधिवक्ता सन्तोष चौधरीले जानकारी दिनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

प.सं. २०८१/८२
च.नं. २३६५

मिति: २०८१/१०/२०

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।**

६७ नं. को रैती महम्दी मियाँ तथा ७० नं. को रैती अब्दुल मियाँको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे खेसराहा खोजपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. खोजपुर वडा नं. ५ हाल परिवर्तित खडक न.पा. वडा नं ८ वस्ने अमिन मियाँको यस कार्यालयमा द.नं. ८८८८ मिति २०८१/०९/०२ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्ने मिति २०८१/१०/२० गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६७० | खोजपुर | १ | १४९ | ०-१-९ | महम्दी मियाँ | फिल्ड बुकको कैफियत महलमा खोजपुर ५ नं. वडा बस्ने अमिन मियाँको नम्बरी हो भनि उल्लेख रहेको |
| १६३ | खोजपुर | १ | १४२ | ०-४-३.५ | अब्दुल मियाँ | |

२०८१/१०/२०

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)

प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

# एआईको प्रयोग गरी हुने बाल दुर्व्यवहारलाई अपराध घोषणा गर्ने बेलायत पहिलो राष्ट्र

लण्डन, २० माघ (रासस/एएफपी)।

यौन दुर्व्यवहारको तस्विर बनाउन प्रयोग गरिने आर्टिफिसियल इन्टेलिजेन्स (एआई) उपकरणविरुद्ध बेलायत सरकारले शनिबार कानूनको घोषणा गरेको छ। 'एआईको दुरूपयोग गरी बाल यौन दुर्व्यवहारको तस्बिर बनाउने' कार्यलाई अपराध घोषणा गर्ने बेलायत विश्वकै पहिलो मुलुक बनेको छ।

बालबालिकाको यौनिक तस्वीर बनाउनका लागि बनाइएका आर्टिफिसियल इन्टेलिजेन्स (एआई) उपकरण राख्न, सिर्जना गर्न वा वितरण गर्ने कार्यलाई सरकारले गैरकानुनी घोषणा गरेको गृहमन्त्री यवेट कूपरले बताउनुभएको हो।

उहाँका अनुसार मानिसहरूलाई बच्चाहरूलाई यौन दुर्व्यवहार गर्न एआई कसरी प्रयोग गर्ने भनेर सिकाउने एआई 'पीडोफाइल म्यानुअलहरू' राख्नु पनि अवैध हुनेछ र यसका लागि तीन वर्षसम्म जेल सजाय हुन सक्छ। गृहमन्त्री कूपरले आइतबार स्काई न्युजसँग भन्नुभयो, "अनलाइन बाल यौन दुर्व्यवहार सामग्री बढ्दो छ। किशोर किशोरीहरूलाई अनलाइनमार्फत् एआईको प्रयोग गरी यौनिक गतिविधि सिकाउने कार्यहरू पनि भइरहेको छ। यो वास्तवमा एक दुःखद कुरा हो। एआईले यसलाई 'स्टेरोइड'मा राखिरहेको छ"

उहाँले भन्नुभयो, "एआई उपकरणहरूले अपराधीहरूलाई 'किशोर किशोरीहरूको झूटो छवि तयार गर्न' सजिलो बनाइरहेको छ। यसका साथै, उनीहरूले बच्चाहरूको छविहरू हेरफेर गरी किशोरकिशोरीहरूलाई आकर्षित गर्न र थप दुर्व्यवहारमा फसाउन प्रयोग गरिरहेका छन्।"

"यो सबैभन्दा घृणित अपराध हो," उहाँले भन्नुभयो। "नयाँ कानूनले 'बाल दुर्व्यवहारका लागि प्रयोग भइरहेका' केही एआई मोडेलहरूमा प्रतिबन्ध लगाउनेछ," कूपरले भन्नुभयो। "अन्य देशहरूले अझै यो (कानुन बनाउने काम) गरिरहेका छैनन्, तर मेरो विचारमा अरू सबैले यसलाई पछ्याउनेछन्," उहाँले भन्नुभयो।

एआई उपकरणको प्रयोग बालबालिकाको वास्तविक जीवनका तस्विरलाई 'नग्न' बनाएर वा 'अन्य बालबालिकाको अनुहारलाई विद्यमान तस्विरमा जोडेर' बाल यौन दुर्व्यवहारका तस्बिरहरू सिर्जना गर्न प्रयोग भइरहेको बेलायत सरकारले जनाएको छ।

नयाँ कानूनले 'अन्य पीडोफाइल'हरूको लागि डिजाइन गरिएको वेबसाइटहरू सञ्चालन गर्ने व्यक्तिलाई पनि अपराधी ठहर गर्नेछ। कूपरले आइतबार बीबीसीसँग भन्नुभयो, "हालैको एक अनुसन्धानले बेलायतमा हरेक वर्ष लगभग पाँच लाख बालबालिकाहरू कुनै न कुनै रूपमा दुर्व्यवहारको सिकार हुने गरेको पत्ता लगाएको छ।

यी उपायहरूलाई संसदमा 'क्राइम एण्ड पोलिसिङ बिल'को एक भागको रूपमा प्रस्तुत गरिनेछ। इन्टरनेट वाच फाउण्डेसन (आईडब्लुएफ) ले यौन दुर्व्यवहारका घटनामा बालबालिकाको एआई तस्बिर उत्पादन भइरहेको भन्दै चेतावनी दिएको छ।

सन् २०२४ मा ३० दिनको अवधिमा आईडब्ल्यूएफका विश्लेषकहरूले एउटै डार्क वेब साइटमा तीन हजार ५१२ एआई बाल दुर्व्यवहार छविहरू पहिचान गरेका थिए। सबैभन्दा गम्भीर श्रेणीका तस्विरको सङ्ख्या पनि एक वर्षमा १० प्रतिशतले बढेको छ।

# आइएसका 'प्रमुख' नेता लक्षित अमेरिकी कारबाहीमा कैयौं आइएस लडाकूको मृत्यु

मोगादिशु, २० माघ (रासस/एएफपी)।

सोमालियाको अर्धस्वायत्त पुन्टल्याण्ड क्षेत्रको सरकारले अमेरिकी सेनाको कारबाहीमा इस्लामिक स्टेट (आइएस) समूहका 'प्रमुख व्यक्तिहरू' मारिएको आइतबार बताएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार राति हवाई आक्रमणको घोषणा गर्दै ट्रुथ सोसल प्लेटफर्ममा आफूले सोमालियामा आइएसका वरिष्ठ आक्रमण योजनाकार र अन्य आतङ्ककारीमाथि सटीक सैन्य हवाई आक्रमणको आदेश दिएको बताउनुभएको थियो।

सोमालियामा अलकायदासँग सम्बन्धित अल-शबाबको तुलनामा आइएसको उपस्थिति तुलनात्मक रूपमा कम छ, तर बढ्दो गतिविधिबारे विज्ञहरूले चेतावनी दिएका छन्।

सोमालियाको उत्तरी क्षेत्रमा पन्टल्याण्ड डिफेन्स फोर्सेजले गत डिसेम्बरदेखि आइएसविरुद्ध अभियान सञ्चालन गरिरहेको छ। उक्त कट्टरपन्थी समूहले गोलिस पर्वतमा आफ्नो उपस्थिति स्थापित गरेको बताइएको छ।

"हालैका हवाई आक्रमणले आइएसआइएसभित्रका प्रमुख व्यक्तिहरूलाई निष्प्रभावी बनाएको छ, जुन हाम्रो अभियानको दोस्रो चरणमा प्रवेश गर्दै गर्दा भएको महत्वपूर्ण प्रगति हो," क्षेत्रीय सरकारले आइतबार आईएस समूहको वैकल्पिक नाम प्रयोग गर्दै भनेको छ।

उसले हवाई हमलामा अमेरिकी संलग्नतालाई 'अमूल्य' भनेको छ र 'हार्दिक कृतज्ञता' व्यक्त गरेको छ तर वक्तव्यमा आक्रमणको बारेमा थप विवरण दिइएको छैन। मोगादिशुमा सोमालीसरकारले जारी गरेको वक्तव्यमा बारी क्षेत्रमा सोमाली र अमेरिकी सरकारहरूले संयुक्त रूपमा आइएसविरुद्धको कारबाहीको समन्वय गरेको र यसले 'आईएसका वरिष्ठ नेताहरू' लाई लक्षित गरेको उल्लेख गरिएको छ।

राष्ट्रपति हसन शेख मोहमुदलाई शनिबार राति भएको आक्रमणका बारेमा जानकारी गराइएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। उहाँले एक्समा आइतवार एक पोस्टमा आक्रमणपछि वासिङ्टनप्रति गहिरो कृतज्ञता व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, "आतङ्कवादले पुन्टल्याण्ड राज्य र सम्पूर्ण सोमालियामा न त साथी भेट्टाउनेछ, न त आश्रयका लागि कुनै ठाउँ नै पाउनेछ।"

अमेरिकी रक्षामन्त्री पीट हेगसेथले हवाई आक्रमणमा धेरै लडाकू मारिएको प्रारम्भिक अनुमान गरिएको बताउनुभएको छ। उहाँले आक्रमणमा कुनै पनि सर्वसाधारणलाई क्षति नपुगेको बताउनुभयो।

# आपराधिक गतिविधिमा संलग्न ११ जना पक्राउ

काठमाडौं, २० माघ (रासस)।

आपराधिक गतिविधिमा संलग्न भएको अभियोगमा देशका विभिन्न भागबाट ११ जना पक्राउ परेका छन्। केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उनीहरु रौतहट, बर्दिया, चितवन र सर्लाहीबाट पक्राउ परेका हुन्।

चन्द्रपुर नगरपालिका-४ चिडियादह टोलबाट सोही ठाउँका ३१ वर्षीय सागर श्रेष्ठ र बर्दिया बढैयाताल गाउँपालिका-२ फुटाहसाघुनघारीबाट लागुऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थसहित चार जना तथा चितवनको कालिका नगरपालिका-६ गुम्बा चोकबाट चार सय ५० ग्राम गाँजा बोकेका १८ वर्षीय किशोर र नियन्त्रित लागुऔषध लिएका सोही स्थानका २७ वर्षीय समीर परियारलाई पक्राउ गरिएको हो।

यसैगरी, भरतपुर महानगरपालिका-४ लङ्कुलक्ष्मी पथबाट गाँजा करिब ५० ग्राम, नियन्त्रित लागुऔषध ट्रामाडोल, प्रोमेथ, बोमिन र नगद रु ९५ हजार सात सय पाँचसहित चार जनालाई पक्राउ गरिएको छ।

यसैबीच, सर्लाहीको ईश्वरपुर नगरपालिका-१५ सुकनाहा बजारबाट भारतीय मुद्रा पाँच सय दरका एक थान र एक सय दरका २९ थान नक्कली नोटसहित भारत सीतामढी पुरान्दा राजबाडा-९ का २७ वर्षीय मुकेशकुमार सोनीलाई पक्राउ गरिएको छ।

यसैगरी, भरतपुर महानगरपालिका-४ लङ्कुलक्ष्मी पथबाट गाँजा करिब ५० ग्राम, नियन्त्रित लागुऔषध ट्रामाडोल, प्रोमेथ, बोमिन र नगद रु ९५ हजार सात सय पाँचसहित चार जनालाई पक्राउ गरिएको छ।

# महाकुम्भमा नेपाली तीर्थयात्रीलाई निःशुल्क बस्ने र खाने व्यवस्था

काठमाडौं, १९ माघ (रासस)।

ब्राह्मण अन्तर्राष्ट्रिय सङ्गठन ट्रष्टको संरक्षकका रूपमा संहिताशास्त्री अर्जुनप्रसाद बास्तोलाले भारतको प्रयागराजमा जारी महाकुम्भमा नेपाली तीर्थयात्रीका लागि बस्ने र खाने व्यवस्था गर्नुभएको छ।

दैनिक एक करोडभन्दा बढी भक्तजन पुग्ने गरेको भनिएको महाकुम्भमा नेपाली तीर्थयात्रीका लागि निःशुल्क बस्ने र खाने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो। एक सय ४४ वर्षको अन्तरालमा हुने महाकुम्भमा नेपाली तीर्थयात्रीलाई बस्ने र खाने व्यवस्थाका लागि कुनै समस्या नहोस् भनी सेवा गरिएको उहाँको भनाइ छ। एक दिनमा दुई सय जना नेपाली भक्तजनलाई यस्तो सेवा दिइएको छ।

"हरेक दिन भागवत कथा वाचन पनि भइरहेको छ, हाम्रो यो प्रयासलाई भारतीयले समेत प्रशंसा गरेका छन्", उहाँले भन्नुभयो। महाकुम्भमा पुगेर बस्ने र खाने स्थानको खोजीमा भौँतारिने नेपालीलाई यसले राहत पुगेको जनाइएको छ।

# महाकुम्भबाट फर्किंदै गरेका पाँच नेपालीको दुर्घटनामा परी मृत्यु

जलेश्वर, २० माघ (रासस)।

भारत, उत्तरप्रदेशको प्रयागराजमा महाकुम्भ स्नान गरेर फर्किरहेका पाँच नेपालीको दुर्घटनामा परी मृत्यु भएको छ।

त्रिवेणी स्नान गरेर घर फर्किंदै गरेका पाँच जनाको महोत्तरीसँगै जोडिएको भारतको मधुबनीमा शनिबार दिउँसो स्कारर्पियो दुर्घटनामा गरी मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। मृत्यु हुनेमा महोत्तरीको जलेश्वर नगरपालिका-७ बस्ने ६० वर्षीय बालकृष्ण झा, उहाँकी पत्नी ५० वर्षीया इन्दु देवी, जिल्लाको मनरासिश्वा नगरपालिका-२ बस्ने ५० वर्षीया मनतारन देवी र धनुषा जिल्लाको गङ्गुली बस्ने भाञ्जी ३० वर्षीया अर्चना झा रहेका छन्। गाडी चालक सिरहा घर भएको नाम, थर नखुलेका एक व्यक्ति रहेका जलेश्वर नगरपालिका-७ का वडा सदस्य सुल्तान कवारीले जानकारी दिनुभयो।

सोही घटनामा परी मृतक बालकृष्णका भाञ्जा ३० वर्षीय मनोहर ठाकुर, भाञ्जी २५ वर्षीया कामिनी झा, बहिनी ५० वर्षीय जगतारण देवी र नातिनी सात वर्षीया सृष्टि झा गम्भीर घाइते भएका छन् भने उहाँहरूको मुजफ्फरपुरमै उपचार भइरहेको खबर प्राप्त भएको वडा सदस्य कवारीले बताउनुभयो। उहाँहरू सबैजना एकैपरिवारका रहेका छन्।

उहाँहरू सवार बी आर३२पी ए ४६६१ नम्बरको गाडी मुजफ्फपुरको सदरथाना क्षेत्रको मादापुर सडकमा रहेको मधुवनी मन्दिर नजिकै दुर्घटना भएको थियो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी उपरीक्षक सन्तुलालप्रसाद जैसवारले पाँच जना मृत्यु भएको र चार जना घाइते भएको खबर आए पनि विस्तृत विवरण प्राप्त नभएको बताउनुभयो।

## कर्मचारी पदपूर्ती ...

यस्तो सूचना निकालेको आरोप लगाए।

आवेदकहरुले पटक-पटक सूचनाको व्यहोरा परिवर्तन गरी अस्पताल प्रशासनले आवेदकलाई अलमलमा राख्ने र आफन्तलाई भर्ना गर्न खोजेको आरोप समेत लगाएका छन। उनीहरुले अस्पताल प्रशासनले प्रथम र दोश्रो पटक गरेको सूचना अनुसार नै सबै पदका लागी परिक्षा लिने सुनिश्चितता नगरे सम्म ताला नखोल्ने अडान लिएका छन।

यसबारे मेसु तिवारीसँग सम्पर्कको प्रयास गर्दा उनी काम विशेषले जिल्ला बाहिर गएकाले सम्पर्क हुन सकेन। अस्पताल प्रशासनले छलफलबाट उक्त समस्याको समाधान खोज्ने प्रयास भइरहेको जनाएको छ।



**आज सरस्वती पूजा :** सोही अवसरमा राजविराजस्थित राजरंगशालाको निर्माणाधीन प्यारापिट मूनी बनाइएको माटाका आकर्षक सरस्वतीका मूर्तीहरु। *तस्बिर : मिथिलेश यादव।*

# दलित सरोकार मञ्चद्वारा दलित अभियन्तामाथी लगाइएको झुटा मुद्दाको विरोध

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ।**

वृन्दावन नगरपालिकाका कार्यपालिका सदस्य तथा राष्ट्रिय दलित पत्रकार संघ, नेपाल, रौतहटका अध्यक्ष राजेश पासवान (निर्माणी) विरुद्ध लगाइएको झूटा मुद्दाको विरोध गर्दै दलित सरोकार मञ्च नेपालले भर्त्सना गरेको छ।

मञ्चका कार्यकारी निर्देशक भोला पासवानले प्रेस विज्ञप्ति जारी गर्दै जातीय भेदभाव विरुद्ध संघर्षरत एक अभियन्ता माथि झूटा आरोप लगाएर फसाउन खोजिएको गम्भीर षड्यन्त्र भएको बताएका छन्।

२०८० सालको छठ पर्वमा राजेश पासवान माथि भएको जातीय दुर्व्यवहार र आक्रमणका दोषीहरू अझै पनि कानूनी कारबाही बाहिर रहेका बेला, उनीहरूकै दबाबमा प्रहरीले पीडितलाई नै अपराधी बनाउन खोजेको सरोकार मञ्चले जनाएको छ।

गत २०८१ मंसिर १९ गते वृन्दावन नगरपालिका ८, बहुअरी गाउँमा पोखरी विवादका क्रममा पुनः आक्रमणमा परेका पासवान माथि झूटा मुद्दा लगाइनु गम्भीर अन्याय भएको दलित अगुवाहरूको भनाइ छ।

दलित सरोकार मञ्च नेपालले प्रहरी प्रशासनको भूमिका माथि गम्भीर प्रश्न उठाउँदै झूटा मुद्दा तत्काल खारेज गर्न माग गरेको छ। साथै, जातीय भेदभाव तथा छुवाछूत मुद्दाका दोषीहरूलाई कानूनी कठघरामा ल्याई कडाभन्दा कडा सजाय दिनुपर्ने माग गरिएको छ।

विज्ञप्तिमा न्याय सुनिश्चित नभएमा दलित समुदाय र मानवअधिकारकर्मीहरू सशक्त आन्दोलन गर्न बाध्यहुने चेतावनी दिइएको छ। साथै, सम्पूर्ण न्यायप्रेमी नागरिक, अधिकारकर्मी, सामाजिक अभियन्ता तथा सरोकारवालाहरू सँग ऐक्यबद्धता जनाउन आह्वान गरिएको छ।


सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं।

सार्वजनिक निकायले:
➤अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
➤सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
➤माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
➤सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
➤सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
➤प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*